# मुसिकोट राजपत्र


## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ४) मुसिकोट,गुल्मी,बैशाख ३० गते,२०७७ साल (संख्याः१


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

### ‘मुसिकोट नगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

कोभिड–१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवनयापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम मुसिकोट नगर कार्यपालिकाले देहायको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

मुसिकोट राजपत्र

# क्वारेन्टाईन सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०७७

प्रमाणिकरण मितिः
२०७७/ १ / ३०

**प्रस्तावनाः**
नगरपालिका क्षेत्रभित्र गैरप्राकृतिक विपद् कोरोना भाईरस बाट (१९-कोभिड) हुन सक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि क्वारेन्टाईन सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि बनाउन वाञ्छनीय भएकाले नगरपालिकाको विपद् न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** यो कार्यविधिको नाम (१) : “क्वारेन्टाईन सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि २०७७” रहेको छ ।

यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ । (२)

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले मुसिकोट नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ सम्झनुपर्छ ।

(ख) “समिति” भन्नाले नगर विपद् ब्यवस्थापन समिति सम्झनुपर्छ ।

)ग( वडा विपद् समिति भन्नाले मुसिकोट नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ बमोजिम गठन भएको वडा विपद् ब्यवस्थापन समिति सम्झनुपर्छ।

)घ( "टोल विपद् ब्यवस्थापन समिति" भन्नाले वडा विपद् ब्यवस्थापन समितिको निर्णय बमोजिम गठन भएका टोल विपद् समिति सम्झनुपर्छ ।

)ङ ("क्वारेन्टाईन ब्यवस्थापन समिति" भन्नाले क्वारेन्टाईन रहेको विद्यालयको प्रधानाध्यापक संयोजक रहने गरि नगर विपद् तथा वडा विपद् समित द्वारा गठन गरिएको क्वारेन्टाईन ब्यवस्थापन समिति सम्झनुपर्छ।

(च)"स्वास्थ्य सुरक्षा प्रवन्ध" भन्नाले क्वारेन्टाईनमा रहेका व्यक्तिको बैयक्तिक स्वास्थ्य सुरक्षाका लागि आवश्यक पर्ने सामाग्री जस्तै सावुनसेनि ,माश्क ,टाईजर जस्ता सामाग्रीको प्रवन्ध सम्झनुपर्छ।

(छ) "संयोजक" भन्नाले नगर विपद् ब्यवस्थापन समितिको संयोजक बुझिन्छ।

३. **क्वारेन्टाईनको स्थापना**स्थानीय (१) : स्तरमा उत्पन्न भएको वा हुनसक्ने विपद्को जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्य नगर वडा तथा टोल स्तरबाट सञ्चालन गर्नका लागि समितिको निर्णय बमोजिम क्वारेन्टाईन स्थापना तथा सञ्चालन गरिनेछ।

(२) समितिको निर्णय बमोजिम आवश्यक विद्यालय ,क्लव, आमासमूह, महिला समूह तथा अन्य सामुदायिक तथा सावर्जनिक भवनमा क्वारेन्टाईन स्थापना गर्न सकिनेछ।

(३) क्वारेन्टानलाई नगर स्तरीय ,वडास्तरीय टोलस्तरीय र होम , क्वारेन्टाईनको रूपमा सञ्चालन गरिनेछ।

४. **क्वारेन्टाईनको स्थापनाको उद्देश्य**स्थानीय (१) : स्तरमा (१९-कोभिड)को जोखिम क्षेत्रबाट नगरपालिका क्षेत्रमा भित्रिएका व्यक्तिहरूलाई क्वारेन्टाईनमा राखी अन्य ब्यक्तिलाई जोखिमबाट बचाउने

(२)क्वारेन्टाईनमा रहेका ब्यक्तिको खाने ,बस्ने ,सुत्ने र निजहरूको स्वास्थ्य परीक्षण समेतको ब्यवस्थापन गर्ने ।

(३) कोरोना भाईरस (१९-कोभिड) को महामारीलाई रोकथाम गर्ने ।

५**क्वारेन्टाई .नमा रहनु पर्ने** ) :१ देहायका (व्यक्ति नगरपालिकाले तोकेको क्वारेन्टाईनमा बस्नु पर्ने छ

छिमेकी देश भारतबाट आएका (क) व्यक्ति,

(ख) कोरोना भाईरस (१९-कोभिड) देखा परेका विश्वका अन्य मुलुकबाट आएका व्यक्ति,

(ग) कोरोना भाईरस (१९-कोभिड) संक्रमित जिल्ला बाट अएका व्यक्ति,

मुसिकोट नगरपालिकामा बसोवास गर्ने (२)व्यक्ति कुनै कारणले मुसिकोट नगरपालिका बाहिर संक्रमित पालिका वा जिल्लामा गएमा तोकिएको दिन आफ्नै आवास होम क्वारेन्टाई)न( मा रहनु पर्नेछ ।

(३) क्वारेन्टाईनमा रहेका व्यक्ति निश्चित समय सम्म क्वारेन्टाईनमा रहनु पर्नेछ ।

) ४ (क्वारेन्टाईनमा रहेका व्यक्तिको स्वास्थ्य परीक्षणको ब्यवस्था नगरपालिकाले मिलाउनेछ ।

(५)स्वास्थ्यकर्मीले सुरक्षा उपाय अपनाई नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने छ ।

(६)स्वास्थ्य सेवामा खटिने स्वास्थ्यकर्मीको सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

मुसिकोट राजपत्र

६ . **क्वारेन्टाईनका प्रकारहरू** :क्वारेन्टाईनलाई निम्नानुसार बिभाजन गरिनेछ ।

क नगरस्तरीय .क्वारेन्टाईनआ)ईसोलेसन(

वडास्तरीय .खक्वारेन्टाईन

टोलस्तरीय .गक्वारेन्टाईन

( होम)आवास.घक्वारेन्टाईन

७ . **क्वारेन्टाईनको ब्यवस्थापन** :दफा ६ बमोजिमको क्वारेन्टाईनको ब्यवस्थापन देहाय बमोजिम हुनेछ।

नगरस्तरीय (१)क्वारेन्टाईनआ)ईसोलेसनको सम्पूर्ण ब्यवस्थापन ( नगर विपद ब्यवस्थापन समिति द्वारा गठन गरिएको क्वारेन्टाईन ब्यवस्थापन समितिले गर्नेछ।

वडा (२) तथा टोलस्तरीय क्वारेन्टाईनको ब्यवस्थापन नगर विपद ब्यवस्थापन समितको निर्णय बमोजिम वडास्तरीय विपद ब्यवस्थापन समित द्वारा गठन गरिएको क्वारेन्टाईन ब्यवस्थापन समितिले गर्नेछ ।

टोलस्तरीय (३)क्वारेन्टाईनको ब्यवस्थापन वडास्तरीय विपद ब्यवस्थापन समित द्वारा गठन गरिएको टोल स्तरीय ब्यबस्थापन समितले गर्नेछ ।

( होम)आवास (४)क्वारेन्टाईनको ब्यबस्थापन होम क्वारेन्टाईनमा रहेका व्यक्तिको अभिभावकले गर्नेछ ।

८ . **क्वारेन्टाईनको ब्यवस्थापन खर्च : दफा ७ बमोजिमको ब्यवस्थापन खर्च देहाय बमोजिम हुनेछ ।**

नगरस्तरीय (१)क्वारेन्टाईनआ)ईसोलेसन मा रहेका (व्यक्तिको खाना र सामान्य औषधी सम्वन्धि खर्च नगरपालिकाले ब्यहोर्ने छ ।

वडास्तरीय र टोलस्तरीय (२)क्वारेन्टाईनमा रहेका व्यक्तिको खानाको ब्यवस्थापन वडास्तरीय विपद ब्यवस्थापन समिति द्वारा गठन

मुसिकोट राजपत्र

गरिएको क्वारेन्टाईन ब्यवस्थापन समितिले गर्ने गरि प्रति दिन प्रति व्यक्ति रू . सम्म उक्त समितिला २५०ई उपलव्ध गराईनेछ ।

( होम) आवास (३)क्वारेन्टाईनमा रहेका व्यक्तिको सम्पूर्ण खर्च निजको अभिभावकले गर्नेछ ।

(४)क्वारेन्टाईनमा रहेका व्यक्तिको खाना तथा नास्ता नगरपालिकाले तोकेको मापदण्ड बमोजिमको हुनुपर्ने छ ।

९ **.क्वारेन्टाईनको ब्यवस्थापकीय खर्च** ( होम)आवास (१) : क्वारेन्टाईन बाहेकका प्रत्येक क्वारेन्टाईनको रेखदेखका क्वारेन्टाईनमा रहने १० जना व्यक्ति सम्मका लागि एक जना स्वयंसेवक खटाउन सकिने छ र सोको खर्च वापत प्रत्येक क्वारेन्टाईनलाई प्रतिदिनको रूउपलव्ध गरा ५००.ईनेछ ।

( होम)आवास (२)क्वारेन्टाईन बाहेकका प्रत्येक क्वारेन्टाईनको स्वास्थ्य सुरक्षा प्रवन्धका लागि क्वारेन्टाईन व्यवस्थापन समितिलाई एकमुष्ट प्रतिदिन प्रतिव्यक्ति रू.५० का दरले हुने रकम उपलव्ध गराईनेछ ।

(३)क्वारेन्टाईनमा रहने व्यक्ति १० जना भन्दा बढि भएमा थप १ जना स्यवसेवक खटाउन सक्नेछ ।

( होम)आवास (४) क्वारेन्टाईन बाहेकका प्रत्येक क्वारेन्टाईनको सुचना सम्प्रेषणका लागि क्वारेन्टाईन व्यवस्थापन संयोजकलाई प्रतिदिन रूसञ्चार र खाजा खर्च उपलव्ध गरा २००.ईने छ ।

(५)क्वारेन्टाईनका लागि आवस्यक पर्ने थप स्वास्थ्य सुरक्षा र सञ्चार सामाग्री आवश्यकता बमोजिम नगरपालिकाले उपलव्ध गराउन सक्नेछ ।

१०बमोजिमको खर्चको ९ र ८ यस कार्यविधिको दफा (१) : **खर्च भुक्तानी विधि .** भुक्तानी नगरपालिकाको विपद ब्यवस्थापन कोषमा जम्मा भएको रकमबाट गरिने छ ।

(२)क्वारेन्टाईन खर्चको भुक्तानी दफा ६ बमोजिम गठन भएको समितिलाई गरिनेछ ।

भुक्तानीका लागि समितिको निर्णय सहित देहायका कागजात (३) पेश गर्नुपर्ने छ ।

नगरस्तरीय (क)क्वारेन्टाईन आ)ईसोलेसनको खर्चको ( ,भुक्तानीका लागि खर्चको विलभरपाई र नगर विपद् ब्यवस्थापन समितिको भुक्तानी सिफारिस पत्र ।

वडास्तरीय (ख)क्वारेन्टाईन को खर्चको भुक्तानीका लागि खर्चको विल,भरपाई र वडा विपद् ब्यवस्थापन समितिको संयोजकको खर्च सत्यापन पत्र र नगर विपद् ब्यवस्थापन समितिको सिफारिस पत्र

टोलस्तरीय (ग)क्वारेन्टाईन को खर्चको भुक्तानीका लागि खर्चको विल,भरपाई र क्वारेन्टाईन ब्यवस्थापन समितिको संयोजकको खर्च सत्यापन पत्र र वडा विपद् ब्यवस्थापन समितिको सिफारिस पत्र।

११ .**क्वारेन्टाईन ब्यवस्थापन संयोजकको काम :कर्तव्य र अधिकार,**क्वारेन्टाईन ब्यवस्थापन संयोजकको कामकर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।,

(क) क्वारेन्टाईनमा रहेका व्यक्तिको अनुसूचीबमोजिमको ढाँचामा लगत १- -तथा अनुसूची२ बमोजिमको ढाँचामा हाजिरी राखी प्रत्येक दिन १ बजे भित्र वडाकार्यालयलाई जानकारी गराउने ।

(ख) क्वारेन्टाईनमा रहेका व्यक्तिको खाना नास्ताको ब्यवस्था प्रवन्ध गर्ने ।

(ग) क्वारेन्टाईनमा रहेका व्यक्तिको स्वास्थ्य अवस्थाको बारेमा वडाकार्यालयलाई जानकारी गराउने

(घ) टोल विपद समितिको बैठकबाट क्वारेन्टाईन रेखदेखका लागि १ जना स्वयंसेवकको ब्यवस्था गर्ने,

(ङ) स्वयंसेवकलाई क्वारेन्टाईनको हेरचाह गर्न लगाउने

(च) क्वारेन्टाईनको सरसफाईको प्रवन्ध गर्ने ।

(छ) अनुसूची १ बमोजिमको क्वारेन्टाईनमा बस्ने ब्याक्तीको लगत दैनिक अद्यावधिक गरी राख्ने ।

(ज) क्वारेन्टाईनमा अवस्यक पर्ने स्वस्थ्य तथा सुरक्षा सम्वन्धि सामाग्री ब्यबस्थापन गर्ने

)झ( क्वारेन्टाईन खर्चको विल भरपाई नगरपालिकामा पेश गरि भुक्तानी लिने

(ञ) वडा विपद समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

(ट) क्वारेन्टाईनमा रहेका व्यक्तिको खाना तथा नास्ताको गुणस्तर नगरपालिकाले तोके बमोजिम गराउने ।

(ठ) क्वारेन्टाईनमा रहेका व्यक्ति र अन्य व्यक्तिबीच निश्चित दुरी कायम गराउने ।

(ड) क्वारेन्टाईनमा रहेका व्यक्तिलाई योगाभ्यास, शारीरिक ब्यायाम र साँगितीक मनोरञ्जनको ब्यवस्था मिलाउने ।

(ढ) क्वारेन्टाईनमा रहेका व्यक्तिमा कुनै स्वास्थ्य समस्या देखा परेमा तत्काल बडा कार्यालय र नगरपालिकाको स्वास्थ्य शाखामा जानकारी गराउने ।

**१२ . वडा विपद् ब्यवस्थापन संयोजक को ( वडाध्यक्ष )काम कर्तव्य र अधिकार,**

( वडाध्यक्ष ) वडा विपद् ब्यवस्थापन संयोजक (१)कामकर्तव्य र अधिकार , देहाय बमोजम हुनेछ ।

(क) वडा भित्र रहेका क्वारेन्टाईनको भैतिक अवस्था मिलाउने ।

(ख) वडा भित्रका क्वारेन्टाईन र क्वारेन्टाईनमा रहेका व्यक्तिहरूको जानकारी लिने

(ग) क्वारेन्टाईन संयोजकबाट भए गरेका कार्यको जानकारी लिने ।

(घ) वडा सचिव वा सहायक कम्प्यूटर अपरेटर मार्फत क्वारेन्टाईनमा रहेका व्यक्तिको अनुसूचीबमोजिमको ढाँचामा लगत राखी प्रत्येक २--बजे भित्र अनुसूची २ दिन२ बमोजिमको ढाँचामा नगर कार्यापालिकाको कार्यालयलाई जानकारी गराउने ।

(ङ) वडा भित्र क्वारेन्टाईनमा रहेका व्यक्तिहरूमा कुनै स्वास्थ्य समस्या देखा परेमा तत्काल नगरपालिकाको आईसोलेसनमा पुर्याउने ब्यवस्था मिलाउने ।

वडा भित्रका (च)क्वारेन्टाईनहरूको अनुगमन गरि अवस्यक निर्देशन दिने ।

(छ) नगर कार्यापालिका कार्यालयको समन्वयमा अलपत्र परेका व्यक्तिको तत्काल उद्दार गरि क्वारेन्टाईनमा राख्ने ब्यवस्था मिलाउने ।

१३ .**क्वारेन्टाईन अनुगमन तथा रिपोर्टिङ्ग** प्रमुख प्रशासकीय अधिकृतले (१) : नगरपालिकाका कर्मचारीहरूलाई कार्यविवरण र क्षेत्र तोकी क्वारेन्टाईनको ब्यवस्थापन, अनुगमन तथा रिपोर्टिङ्गका लागि खटाउन सक्नेछ ।

(२) उपदफा १ बमोजिम खटिएका कर्मचारीले प्रतिदिन रू२००. का दरले सञ्चार र खाजा खर्च पाउने छन ।

१४. **सहयोग गर्नुपर्ने** :कोरोना भाईरस (१९-कोभिड) को महामारीलाई रोकथाम गर्ने कार्यमा सहयोग गर्नु सवै नागरिकको कर्तव्य हुनेछ ।

१५. **अनुगमन** :(१) यस कार्यविधि बमोजिम क्वारेन्टाईन नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि समितिको संयोजक वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको न्यूनतम थप एक सदस्य समेत संलग्न रहेको अनुगमन टोली खटिई क्वारेन्टाईन अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोलीले आफूलाई प्राप्त कार्यादेशका आधारमा अनुगमनका क्रममा देखिएको सत्य तथ्य विवरण सहितको प्रतिवेदन समितिसमक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा क्वारेन्टाईन व्यवस्थापनमा कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि क्वारेन्टाईन सञ्चालन र ब्यवस्थापनमा कुनै गम्भिर त्रुटी रहेको र सोलाई तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ ।

(६) उपदफा (१) बमोजिमको अनुगमन टोलीमा उपलब्ध भएसम्म स्थानीय राजनीतिक दल, विपद् व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न गैरसरकारी संघसंस्था, उद्योगी व्यवसायी आवद्ध संघसंगठन, नागरिक समाज तथा पत्रकार आवद्ध संघसंगठन र स्वास्थ्य क्षेत्रका ब्यक्ति समेतलाई संलग्न गराईनेछ ।

१६ :**सजाय.**क्वारेन्टाईनमा रहेका ब्यक्तिले नियम परिपालना नगरेमा मुसिकोट नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ बमोजिम कारवाही गरिनेछ।

१७. निर्देशन दिन सक्ने : विपद महामारीका कारण तत्काल बैठक बस्न नसक्ने अवस्था नभएमा आउदो बैठकबाट अनुमोदन गर्ने गरि नगर विपद ब्यवस्थापन समितका संयोजकले आव (नगर प्रमुख) श्यक लिखित निर्देशन दिन सक्नेछन र उक्त लिखित निर्देशन यसै कार्यविधिको अंग मानिनेछ ।

अनुसूची१-

(संग सम्वन्धित ११ कार्यविधिको दफा)

क्वारेन्टाईनमा रहेका ब्यक्तिको लगत

मुसिकोट नगरपालिका

वडा नं....

क्वारेन्टाईन स्थल :

क्वारेन्टाईनमा रहेका ब्यक्तिको लगत

| क्र.सं. | नाम | ठेगाना | मोवाईल नं | नजिकको अभिभावक नातेदार वा / आफन्तको ठेगा/थर/नामना | बाहिर बाट आएको मिति | बाहिर बाट आएको स्थान | स्वास्थ्य अवस्था | उमेर | परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

.

.........................

क्वारेन्टाईन संयोजक

मुसिकोट राजपत्र

अनुसूची२-

(संग सम्वन्धित ११ कार्यविधिको दफा)

मुसिकोट नगरपालिका

वडा नं....

क्वारेन्टाईन स्थल :

श्री वडाकार्यालय नं ...

मुसिकोट नगरपालिका

यस क्वारेन्टाईनमा रहेका ब्यक्तिहरू देहाय बमोजिम रहेको ब्यहोरा जानकारी गराउदछुँ ।

| क्र.सं. | व्यक्तिको नाम | ठेगाना | उपस्थित( उपस्थितिमा चिन्ह लगाउने) | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गते | गते | गते | गते | गते | गते | गते | गते | गते | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

............................



मुसिकोट राजपत्र

प्रमाणित गर्ने

क्वारेन्टाईन संयोजक

अनुसूची३-

कार्यविधिको दफा १२ संग सम्वन्धित
मुसिकोट नगरपालिका
नं.. वडाकार्यालय

श्री मुसिकोट नगरपालिका मिति

यस वडा अन्तर्गत विभिन्न क्वारेन्टाईनमा रहेका व्यक्तिहरू देहाय बमोजिम रहेको ब्यहोरा जानकारी गराउदछु ।

| क्र.सं. | क्वारेन्टाईन स्थलको नाम | ठेगाना | क्वारेन्टाईनमा रहेका व्यक्तिहरू | | | स्वास्थ्य अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | सामान्य | जटिल | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

.......................

प्रमाणित गर्ने



मुसिकोट राजपत्र

मुसिकोट राजपत्र